# ललितपुर महानगरपालिका

# यल महानगरपालिका

# Lalitpur Metropolitan City

Pulchowk, Lalitpur, Bagmati Province, Nepal

## आर्थिक बिकास महाशाखा

## लघु, घरेलु तथा साना उद्योग शाखा

प.सं.:- ०८२/८३
च.नं. ९८५

मितिः वि.सं.२०८३/१/७
ने.सं. ११४६ वछलाथ्व तृतीया

विषयः- **प्रविधि हस्तान्तरण सम्वन्धी सूचना।**

सूचना प्रकाशित मितिः वि.सं.२०८२।११।२७ ने.सं.११४६ चिल्लागा अष्टमी

यस ललितपुर महानगरपालिकाको चालु आ.व. ०८२।८३ मा लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम तर्फ सि.नं. १६ र २१ मा स्वीकृत **उपयुक्त प्रविधि हस्तान्तरणका** लागि ललितपुर महानगरपालिकाको गरिबी निवारण तथा रोजगार प्रवर्द्धन २०८१ को दफा ९ र गरिबी निवारण तथा रोजगार प्रवर्द्धन सम्वन्धमा सिप हस्तान्तरण र प्रविधि हस्तान्तरण सम्वन्धी मापदण्ड २०८२ को दफा खण्ड ख को दफा १ वमोजिम योग्यता भएका इच्छुक व्यक्तिहरुले आफ्नो सीप तालिम अनुसारको व्यवसायलाई प्रवर्द्धन गर्न यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आ-आफ्नो वडा कार्यालयमा तोकिए वमोजिमको ढाँचामा निवेदन दिई सम्वन्धीत वडाको सिफारीस सहित यस शाखामा दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. दरखास्त फाराम सबै वडा कार्यालयहरु, यस शाखा र महानगरपालिकाको वेभसाइट lmc.gov.np वाट डाउनलोड गरी लिन सकिने छ।
२. दरखास्त दिने अन्तीम मिति : २०८३ वैशाख २४ भित्र
३. फिल्ड भेरिफिकेशन : निवेदनहरु प्राप्त भए पश्चात।
४. सम्पर्क मिति : पछि जानकारी गराइने छ।
५. संलग्न गर्नु पर्ने कागजात :
   - नागरिकताको फोटोकपी र फोटो २ प्रति
   - शैक्षिक योग्यताको प्रमाण पत्रको फोटोकपी
   - ललितपुर महानगरपालिकामा स्थायी वसोवासको प्रमाण
   - व्यवसायिक सीप तालिमको प्रमाण पत्रको फोटोकपी
   - व्यवसायको PAN को फोटोकपी वा व्यवसाय दर्ता प्रमाण पत्रको फोटोकपी (व्यवसाय शुरु गरेको कम्तीमा ६ महिना पुगेको हुनु पर्ने)
   - वडा कार्यालयवाट व्यवसाय गरि रहेको र प्रविधि सहयोग गर्नु पर्ने औचित्य सहितको सिफारीस पत्र
   - यस अघि कुनै पनि सरकारी तथा गैरसरकारी क्षेत्रवाट प्रविधि सहयोग प्राप्त नभएको भनी स्वघोषणा पत्र
   - कुल लागतको कम्तीमा २०% सहभागीहरुले लागत व्यहोर्नु पर्ने छ।

६. थप जानकारी आवश्यक भए चन्द्रलाल डंगोल ९८४१८६४९५०, सरीता अधिकारी ९८४१९२४४५५

चन्द्रलाल डंगोल
शाखा प्रमुख

Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np

अनुसूचि १

(दफा ५ को उपदफा (२) संग सम्वन्धित

दरखास्त फाराम

श्रीमान् वडाअध्यक्ष ज्यू,
..... नं. वडा कार्यालय, ललितपुर महानगरपालिका ।

विषय : **प्रविधि सहयोगको लागि सिफारीस पाउँ भन्ने वारे ।**

ललितपुर महानगरपालिकावाट तालिम लिई महानगरपालिका भित्र उद्यम व्यवसाय गरि रहेका उद्यमी व्यवसायीहरुको व्यवसायलाई प्रवर्द्धन गर्न प्रविधि सहयोगको लागि ललितपुर महानगरपालिकाद्धारा मिति २०८३।१।७ मा प्रकाशित सूचना अनुसार मेरो/हाम्रो व्यवसाय प्रवर्द्धन गर्न सिफारीस गरी दिनु हुन तोकिएका आवश्यक कागजातहरु संलग्न गरी यो दरखास्त पेश गरेको छु ।

१. निवेदकको नाम, थर

२. बुबा, आमाको नाम, थर

३. पति/पत्नीको नाम, थर

४. शैक्षिक योग्यता

५. ठेगाना

६. लिङ्ग

७. जन्म मिति

८. वैवाहिक स्थिति

९. सम्पर्क नं.

१०. पेशा

११. परिवार संख्या

१२. पारिवारीक पेशा

१३. यस भन्दा अगाडी कुनै तालिम लिएको छ/छैन ? यदि छ भने

| तालिमको नाम | अवधि | तालिम दिने संस्थाको नाम ठेगाना |
|---|---|---|
| | | |
| | | |

१४. कुनै व्यवसाय संञ्चालन गरेको वा कार्य गरेको/नगरेको ?
गरेको भए व्यवसायको नाम र ठेगाना : .....................................................................

१५. आफु सहभागी हुन चाहेको कार्यक्रम (कुनै एकमा ✓ लगाउनु होला)

- प्रविधि सहयोग

१६. माग गरेको प्रविधिको विवरण

| सि.नं. | सामानको नाम | सामानको स्पेशिफिकेशन | संख्या | दर (अनुमानित) | कुल अनुमानित लागत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१७. सहभागीको स्वघोषणा
मैले विगत आ.ब. ०८०।८१ र ०८१।८२ मा संघ, प्रदेश, स्थानिय तह र अन्य संघ संस्थाहरुवाट यस प्रकारको प्रविधि सहयोग प्राप्त गरेको छैन । यदि प्राप्त गरेको ठहर भएमा कानून वमोजिम सहुंला वुझाउला । महानगरपालिकाको नियमानुसार मैले राख्नु पर्ने लागत रकम राख्न मन्जुर गर्दछु ।

निवेदकको सही : .............................................

मिति :

सम्पर्क नं..

१८. कार्यक्रममा सहभागी भए पछि सहयोग गर्ने अभिभावकको प्रतिवद्धता :

मेरो .........................श्री ............................................... ले लिएको प्रविधि सहयोगलाई सदुपयोग गरी व्यवसाय प्रवर्द्धनमा सहयोग गर्ने छु

अभिभावकको सहि : ...............................          सम्पर्क नं.

अभिभावकको नामथर : ........................................

**संलग्न कागजात**

- नागरिकताको फोटोकपी र फोटो २ प्रति
- शैक्षिक योग्यताको प्रमाण पत्रको फोटोकपी
- ललितपुर महानगरपालिकामा स्थायी वसोवासको प्रमाण
- आफुले लिएको व्यवसायिक सीप तालिमको प्रमाण पत्रको फोटोकपी
- व्यवसाय गरी रहेको PAN वा व्यवसाय दर्ता प्रमाण पत्रको फोटोकपी
- आवेदक प्रविधि सहयोग चाहिने व्यक्ति हो भनि एकिन गरेको वडा कार्यालयको सिफारीस पत्र